# चेतना खबर

बर्ष ६, अंक १० ,२०८१ बैशाख १४ गते शुक्रबार friday पृष्ठ संख्या-४ मुल्य रु ५।- chetanakhabar1000@gmail.com

## अनलाईन मिडियाहरु माथि गरिएको बिभेद बिरुद्ध, गम्भीर ध्यानाकर्षण

**खबर संवाददाता**

सुदूरपश्चिम प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सुदूरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका अनलाइन मिडियालाई विभेद गरेको छ । मन्त्रालयले आम सञ्चार क्षेत्रको संस्थागत क्षमता अभिवृद्ध सम्बन्धि प्रकाशित गरेको सूचनामा अनलाइन सञ्चार माध्यमलाई छुटाएर विभेद गरेको भन्दै यहाँका अनलाइन सञ्चालक तथा सम्पादकले आफूहरुको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

उनीहरुले बुधबार संयुक्तरुपमा मन्त्रालयलाई ध्यानाकर्षण पत्र बुझाउँदै यथाशक्य निर्णय सच्चाउन चेतावनी दिएका छन् । मन्त्रालयका उपसचिव कृष्णप्रसाद नेपाललाई ध्यानाकर्षण पत्र बुझाउँदै संघर्ष समितिका सदस्य विराज रोस्याराले अहिलेको विज्ञान र प्रविधिको युगमा सबैभन्दा प्रभावकारी माध्यम नै अनलाइन मिडिया भइसकेको अवस्थामा पनि मन्त्रालयले अनलाइन मिडियालाई हेर्ने दृष्टि कपट तथा खोटपूर्ण रहेको बताए । संयोजक कृत बहादुर बिष्टले आम सञ्चाल माध्यम भन्ने तर अनलाइन मिडियालाई बिभेद गर्ने कुरा मान्य नहुने बताए । सबै सुचना तथा समाचारका लागी सहज माध्यम अनलाइन हुने तर प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले अनलाइन माथीनै बिभेद गरेर सम्पुर्ण डिजिटल माध्यममा पत्रकारिता गर्ने सञ्चारकर्मीको अपमान गरेकाले यो निर्णय तत्काल सच्याइनुपर्नेमा जोड दिए । उनले भने,'आम सञ्चार क्षेत्रमा अनलाइन मिडियालाई पनि तुरुन्तै समाबेश नगरिए हामी कडा आन्दोलनमा उत्रिने छौं ।' कार्यक्रममा प्रेस सेन्टरका केन्द्रिय सचिव काली मैया चौधरी, प्रेस युनियनका केन्द्रिय सदस्य जमुना न्युरे, पुस्पराज जोशी लगायत अनलाइन पत्रकारहरु सहभागी थिए ।

ध्यानाकर्षण पत्र बुझ्दै उपसचिव नेपालले मन्त्रालयका सचिव काम विशेषले बाहिर गएकाले उहाँ आउने वित्तिकै कुरा राख्ने बताए । उनले भने,'यो विषयमा के रहेछ, त्यो म बुझेर छलफलमा ल्याएर माग पूरा गर्ने प्रयासमा रहने छु ।' आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत चैत २३ गते आम सञ्चार क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धि सार्वजनिक सूचना जारी गरेको थियो । सूचनामा अनलाइन मिडिया बाहेक रेडियो, टेलिभिजन र पत्रपत्रिकालाई मात्र आवेदन दिन आह्वान गरेको थियो




## माओवादीका उपमहासचिव सहित नेताहरु डडेल्धुराको आलिताल आउँदै

**खबर संवाददाता**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) डडेल्धुरा जिल्ला समन्वय समितिको १२ औँ बैठक तथा जिल्ला समन्वय समितिको दोस्रो विस्तारित बैठक आगामी बैशाख १४ गते आयोजना गरियकों छ ।

बैठकमा पार्टीका केन्द्रिय नेताहरू बैठकमा सहभागि हुन डडेल्धुरा आउन लागेका हुन् । सुदुरपश्चिम प्रदेश समितिको निर्णय अनुसार २ महिने पार्टी विशेष रूपान्तरण अभियान अन्तरगत माओवादी केन्द्र डडेल्धुराको बैठक यहि बैसाख १४ गते डडेल्धुराको आलितालमा बस्ने जनाइयकों छ । बैठकमा माओवादी केन्द्रका केन्द्रिय उप महासचिव तथा सुदुरपश्चिम प्रदेश इन्चार्ज गिरिराजमणी पोखरल र केन्द्रिय सदस्य तथा सह इन्चार्ज विना मगर पार्टीको बैठकमा सहभागी हुने जिल्ला इन्चार्ज जगत पार्कीले जानकारी दिए ।

विस्तारित बैठकमा डडेल्धुरा जिल्ला कार्यक्षेत्र भएका केन्द्रिय सदस्य प्रदेश पदाधाकरी, प्रदेश सदस्य, जिल्ला समन्वय समितिका सदस्यहरू पालिका पदाधिकारी, प्रदेश विभागका सदस्य, प्रदेश जेष्ठ कम्युनिष्ट मञ्च, प्रदेश सल्लाकार सदस्य, भातृ तथा सुवेच्छुक संगठनका केन्द्रिय सदस्य, प्रदेश सदस्य, जिल्ला पदाधिकारीलाई बैठकमा बोलाइएको माओवादीले श्रोतले चेतना खबरलाई बतायो । बैठकमा विविध महत्वपुर्ण बिषयमा छलफल हुने बताइएको छ ।



## उपनिर्वाचन : इलाम र बझाङ : मौन अवधिभर यी काम गर्न पाइदैन

**खबर संवाददाता**

वैशाख १५ गते उपनिर्वाचन हुने इलाम र बझाङ जिल्लामा मौन अवधि सुरु भएसँगै आजदेखि प्रचारप्रसार निषेध गरिएको छ । निर्वाचन आचारसंहिता अनुसार निर्वाचन हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि लागू हुने भएकाले बुधबार (हिजो) राति १२ बजेदेखि इलाम र बझाङमा मौन अवधि सुरु भएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न र उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचार गर्न पाइँदैन । साथै एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम र सामाजिक सञ्जालबाट समेत मत माग्न निषेध गरिएको आयोगका सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिए । मौन अवधि सुरु भएपछि निर्वाचन अधिकृतको



प्रतिनिधि सभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेश सभा निर्वाचन क्षेत्र नं १ (१) मा उपनिर्वाचन हुने भए पनि जिल्लाभर मौन अवधि लागू गरिएको आयोगको भनाइ छ ।

मौन अवधिमा यी काम गर्न पाइँदैन । मौन अवधिमा चुनाव प्रचारप्रसार गर्न निषेध गरिएको हुन्छ । मौन अवधिभर कार्यालयले सम्बन्धित दल वा उम्मेदवार हरूलाई मतदान केन्द्रको ३ सय मिटर वरपर राखिएका प्रचारप्रसार सामग्री हटाउन लगाउँछ ।

यदि आचारसंहिता प्रतिकूल हुने गतिविधिको निगरानी तथा नियन्त्रणका लागि विशेष संयन्त्रमार्फत सूक्ष्म अनुगमन गर्ने व्यवस्था मिलाइएको निर्वाचन आयोगले जनाएको छ ।

# कहिले अन्त्य होला सामाजिक विभेद, दमन र उत्पीडन

रञ्जना बि.सी.

अहिले हामी विज्ञान र प्रविधिको युगमा बाचिरहेका छौ । विज्ञानले मानिसका आवश्यकता देखि जिउने आधार र तौर तरिका समेत बदली दिएको छ। मानव बस्ती समेत अर्को गृहमा बसाउन सकिने भन्दै अहिले विज्ञानले पृथ्वीको विकल्प खोज, अनुसन्धान गरिरहेको छ । विकसित मुलुकहरूले शिक्षा, राजनीति र सामाजिक परिवेशमा आमूल परिवर्तन गरेर वर्तमान विश्व अनुरूप आफूलाई ढालिरहेका छन् । तर यो अवस्थामा नेपाल भने जातिवादकै मुद्दाबाट पनि माथि उठ्न सकेको छैन । अझ भनौं सामाजिक दृष्टिकोणलाई नै बदल्न सकेको छैन ।

आखिर किन त ? आधुनिक रफ्तारमा चलिरहेको २१ औं शताब्दीमा पुग्दा पनि नेपाली समाज कहिले सम्म जातिवाद मै सीमित रहने ? मानिसहरू मङ्गल ग्रहमा जाने देखि समुन्द्र मुनी घर बनाउने सम्म पुगिसके तर हामी कहिले सम्म भेदभाव र छुत,अछुत पूर्ण जाति प्रथामा बाची रहने ? यस्ता थुप्रै प्रश्नहरू छन् जसको जवाफ पाउन गाह्रो छ । प्राचीन काल देखी भारत हुँदै नेपाल प्रवेश गरेको जातीय प्रथा हिन्दु धर्मसँग व्यवहारिक रुपमा जोडिएको छ । यसको उत्पत्ति र अस्तित्वलाई नेपाल र भारतमा सामान्य मानिन्छ । एकल जातीय देशमा जातिवाद शून्य हुन्छ। त्यसैले त्यहाँ जातका आधारमा विभेद हुने कुरा भएन। तर नेपाल बहु जातीय देश भएकाले यहाँ आफ्नो जातीलाई मात्र सर्वश्रेष्ठ मान्ने जातिवाद अहिले पनि कायम नै छ। यो एक कुप्रथा हो, समस्या हो र एक अभिशाप पनि हो भन्ने सबैलाई थाहा छ तर व्यवहारमा भने परिवर्तन भएको देखिँदैन । विविधताले भरिपूर्ण हाम्रो देशमा सबैका आ-आफ्नै धर्म, संस्कृति र मूल्यमान्यताहरू छन् । यतिका विविधता भएर पनि एकता कायम गरेको भन्दै नेपाललाई विविधता भित्र पनि एकताको देश भनिन्छ । के साँच्चिकै नेपालमा विविधता भित्र पनि एकता छत ? यो एउटा छुट्टै वहसको विषय हुन सक्छ । तर मेरो धारण अनुसार नेपालमा विविधता भित्र एकता पटक्कै छैन ।

किनकि कुनै समाज भित्र एउटा परिवारमा जन्मेको शिशु जन्मने बित्तिकै अछुत र अर्को परिवारमा जन्मेको शिशु छुत घोषणा हुन्छ भने त्यो समाज कहिल्यै एकतामा बाँधिन सक्दैन । एउटाले मानिसले जन्मकै आधारमा समाजमा उच्च हैसियत राख्छ र अर्कोले विभेदपूर्ण जिन्दगी बाच्दछ भने त्यहाँ कसरी एकता हुन सक्छ ? हाम्रो समाजमा व्यक्तिको हैसियत र सामाजिक स्तर उसको क्षमताका आधारमा होइन उसको जातको आधारमा परिभाषित गरिन्छ। यो भन्दा लाजमर्दो कुरा अरू के नै हुन सक्ला र ?नेपालका दलित समुदायले लामो समय देखि विभेद, दमन र उत्पीडन भोगिरहेका छन् । मानव भएर जन्मी सकेपछि सम्मान पूर्वक बाच्न पाउनु उसको नैसृगिक अधिकार हो। तर, दलित समुदायले यो अधिकार पटक्कै पाएका छैनन् । जात व्यवस्थामा गडिएको पुरातन वादी सोचबाट आज पनि दलित समुदायले छुवाछूत र जातीय अपहेलनको सिकार हुनु परेको छ।

रुकुम चौरजहारीका नवराज बिक ,काभ्रेका अजित मिजार र कालिकोटका मानवीरे सुनार दलित भएकै कारण मारिएका घटनाक्रम यसका केहि उदाहरण हुन । यस्ता थुप्रै घटनाहरू छन् । दलित समुदायका नागरिक उपल्लो जातीबाट बिभिन्न हिंसामा परेर न्याय माग्न जाँदा मुद्दा नै दर्ता हुँदैनन् । भइहाले पनि न्याय नपाएका उदाहरण थुप्रै छन् ।

यसमा राज्य पनि संवेदनशील भएको देखिँदैन । यदि जातीय विभेदका विरुद्धमा राज्य गम्भिर हुन्थ्यो भने दलित भएकै कारणले कसैले ज्यान गुमाउनु पर्ने थिएन । ३९ लाख दलितले समाजमा सम्मान पूर्वक बाच्न पाउने थिए। समाजमा अन्तरजातीय विवाहले पनि मान्यता पाउने थियो । तर त्यो अवस्था आउन सजिलो छैन। वर्षौं देखि शोषण भोगिरहेको समुदाय दलित नै हो । अशिक्षा, बालविवाह सबै भन्दा बढी दलित समुदाय भित्र नै छ । स्वास्थ्य र रोजगारमा पहुँच न्यून छ । ग्रामीण भेगमा दलित समुदायका अधिकांश बालबालिकाहरू अहिले पनि आधारभूत शिक्षाबाट वञ्चित छन् । पहुँच भएका दलित विद्यार्थी पढाइका लागि घर भन्दा बाहिर जाँदा सजिलै कोठा पाउन अवस्था छैन ।

विद्यार्थीहरूले थर फेरेर बस्नु पर्ने बाध्यता अहिले पनि विद्यामान छ । यो समस्या देशको राजधानी काठमाडौं मै सबै भन्दा बढी छ । अन्य ठाउँमा पनि नभएको होइन । सुदुरपश्चिम प्रदेशको राजधानी धनगढीमा पनि थर फेरेर बसेका विद्यार्थीहरूलाई दलित हो भन्ने थाहा पाएपछि अपमानपूर्ण ढंगले घरबाट निकालेका थुप्रै घटनाहरू छन्। जुन घट्नुको साटो अझ बढी रहेका छन् । संविधानमा दलितका थुप्रै हक अधिकार सुनिश्चित गरिए पनि दलित समुदायले यसलाई महसुस गर्न सकेका छैनन्। कानुन कार्यान्वयन पक्ष फितलो हुँदा जातीय विभेदका घटनामा पीडितले सहजै न्याय पाउन सकिरहेका छैनन् । संविधानका पानामा अधिकार सुनिश्चित गर्दैमा जनताले अधिकार पाउने होइन । त्यसलाई व्यवहारमा पनि उतार्न सक्नु पर्छ ।




कानुनलाई प्रभावारि बनाउनु सक्नु पर्छ। यो राज्यको दायित्व हो । राज्यले आफ्ना जनता प्रतिको दायित्वलाई पुरा गर्न सक्दैन भने नागरिकले देशमा आफू र आफ्नो भविष्य सुरक्षित रहेको महसुस गर्न सक्दैनन्। त्यसैले यस तर्फ राज्यको ध्यान जान जरुरी छ ।

यति भनिरहँदा विगतका तुलनामा केहि हदसम्म जातीय विभेद कम भएको नर्कान सकिँदैन । तर त्यो पर्याप्त भने होइन । दलित समुदायले सरकारबाट छुट्टै, विशेष हक अधिकार पक्कै खोजेका होइनन् । समाजमा अन्य समुदाय सरह सम्मान पूर्वक बस्न पाउनु पर्ने र दलित भएकै कारणले कुनै पनि हिंसाको सिकार हुन नपरोस् भन्ने उनीहरूको पहिलो मुद्दा हो। त्यसैले दलित समुदायका माग, मुद्दा र सवाल प्रति राज्य संवेदनशील हुनै पर्छ। परिवर्तनका नाममा गरिने भौतिक विकास मात्रै विकास होइनन् । त्यो विकासलाई उपभोग गर्ने मानिसको चेतनाको स्तरमा पनि विकास हुन जरुरी छ। समाजमा सन्तुलन कायम भइरहेको छैन । धर्मका नाममा विकृत, विसङ्गतिहरू भइरहेका छन्। अन्ध विश्वासले समाजमा जरा गाडेर बसेको छ भने यस्तो अवस्थामा चिल्ला सडक र झिलिमिली बत्तीलाई मात्र विकास मान्न सकिँदैन । विकास हुनका लागि सामाजिक सोचमा पनि परिवर्तन हुन जरुरी छ ।

यदि हामी साँच्चिकै विकसित अनि सभ्य समाजको परिकल्पना गर्छौं भने त्यो विभेद रहित हुनु पर्छ । र, विभेद रहित समाज तब सम्म बन्न सक्दैन जबसम्म समाजमा जातिवाद रहन्छ। त्यसैले अब आफ्नो हक र अधिकारको लागि सिङ्गो दलित समुदाय एकजुट भएर लाग्न जरुरी छ । परिवर्तन सम्भव छ ‼

# अंगुरको सेवनले युरिक एसिड कम गर्ने



अंगुर स्वादका लागि मात्र नभई स्वास्थका लागि पनि उतिकै फाइदा जनक मानिन्छ। यो स्वादका निकै गुलियो र अमिलो हुने गर्दछ। यो एउटा रहरे फल हो। यो जन सुकै बेला पनि सेवन गर्न सकिन्छ।

अंगुर सबैलाई मन पर्ने फलफुल हो । अंगुरलाई औषधीको रुपमा प्रयोग पनि गर्न सकिन्छ भन्ने सबैलाई थाहा नहुन सक्छ । यसले मानिसको सुन्दरतासँगै स्वास्थ्यमा समेत राम्रो गर्छ। अंगुर खानाले कब्जियतको समस्याबाट टाढा राखी पाचनशक्तिलाई स्वस्थ राख्न सहयोग गर्छ । नियमित अंगुरको सेवन गर्नाले कोलस्ट्रल कम गर्न मद्दत गर्छ ।यसको सेवनले किड्नीको समस्या समाधान गरी युरिक एसिड कम गर्न सहयोग गर्छ।

यसको नियमित सेवनबाट छालाको सौन्दर्य, रुघाखोकी आदिबाट छुटकारा पाउन सकिन्छ। रक्तस्रावको समस्यामा एक गिलास अंगुरको जुसमा दुई चम्चा मह घोलेर खाने हो भने नियन्त्रणमा आउँछ। घाउ, खटिरा निको पार्न पनि अंगुर सहयोगी हुन्छ।

१. आफ्नो व्यवसाय अनिवार्य दर्ता गरौं ।
२. कर्त तिर्नु नागरिकको कर्तव्य हो कर तिरेपछी अनिवार्य रसिद लिऔं

३. फलफुल पशुपालन उन्नत खेतिवाली लगायत व्यवसायिक कृषि उत्पादनलाई बढवा दिऔं ।
४. पर्यटकीय गन्तव्यको पहिँचान गरौं। आन्तिक तथा वाह्य पर्यटकको प्रवर्धन गरौं ।
५. चर्पीमा मात्र दिसा पिसाब गर्ने वानी बसालौ। सभ्य नागरिकको परिचय दिऔं ।
६. जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध बिच्छेद जस्ता सामाजिक घटनाहरू ३५ दिन भित्र दर्ता गरी सभ्य नागरिकको परिचय दिऔं ।
७. दिसापिसाव गरेपछी, खाना खानु अघी र कुनै फोहोर बस्तु छोएपछी सावुन पानीले मिचिमिची हातधुने बानीको बिकास गरौं ।

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोटी

# आफ्ना छोरा-छोरीलाई राम्रो संस्कार र शिक्षा कसरी सिकाउने

एजेन्सी

हाम्रो समाजमा आमालाई भगवान स्वरुप मानिन्छ। संसारभर आमालाई ठुलो सम्मानका साथ हेर्ने गरिन्छ। आमाले घरमा देखाउने जिम्मेवारीलाई जति नै शब्दले वर्णन गरे पनि कम नै हुन्छ। परिवारमा सबैभन्दा ठुलो जिम्मेवारी आमाको भनेको बच्चाबच्चीहरुलाई एउटा राम्रो संस्कार दिनु हो। घरमा आमा आफ्ना छोरीका निम्ति अत्यन्तै गम्भिर हुने गर्छन्। उनीहरुको बानी व्यहोरालाई पनि उनीहरुले नजिकबाट नियाली जिम्मेवार बनाउन खोजीरहन्छन्। हरेक आमाले आफ्ना छोरीलाई बताउनै पर्ने ५ कुराहरु

१. स्वाभिमान:

हरेक छोरीलाई बताउन जरुरी छ की छोरी केही बन्न सक्छन् र कसैको भर नपरीकन आफ्नो स्वाभिमानमा खडा हुन् सक्छन्।

२.आफ्नो काम आफै गर्न सक्नुपर्छ।

छोरीले आफ्नो काम आफै गर्न आमाले भन्नुपर्छ। आफ्नो कामको बोझ अरुमाथि थुपार्दा निर्भरता बढ्छ।३. करिअरको महत्व आफ्नो खुट्टा उभिन करिअरको ठुलो भुमिका रहेको हुन्छ। पछि गएर कुनै पनि समस्या नहुन पहिला नै करिअरबारे आमाले छोरीलाई बुझाउन सक्नुपर्छ।

४. अरुसगँ गरिने व्यवहार

छोरी ठुली हुदै जादाँ अरुसँग कसरी व्यवहार गरिन्छ यसबारे आमाले विभिन्न रुपमा सम्झाने काम गर्नुपर्छ। छोरीलाई थाहा होस् की कुरा गराइबाट कुन मानिसको नियत कस्ता छ।

५. आफ्नो बचाउ गर्नसक्नुपर्छ

पछिल्लो समय युवतीहरुमाथि अत्याचारका घटनाहरु बाहिरी रहेका छन्। यसलाई रोक्न पनि आमाहरुले आफ्ना छोरीहरुलाई यसबारे खुलेर कुरा गर्न सिकाउनुपर्छ। विभिन्न हिंसाका सिकार भएका युवतीहरु चुप लागेर बसेका कारण महिला हिंसाले अस्रय पाएको छ। उनीहरुलाई विभिन्न खाले ट्रेनिङ दिएर आत्मविश्वास बढाउन आमाले सहयोग गर्नु पर्छ।



# सुर्नया गाउँपालिका बैतडीको सन्देश




१. यो गाउँपालिका हामी सबैको साझा हो। यसलाई सफा सुघर सुन्दर र सभ्य बनाउने हाम्रो साझा जिम्मेवारी हो।

२. गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा मालपोत दस्तुर व्यवसाय कर आदि समयमा बुझाऔं।

३. व्यक्तिगत घटनाहरू (जन्मदर्ता, मृत्युदर्ता, बसाईसराई दर्ता विबाह दर्ता ) आदि ३५ दिन भित्र दर्ता गर्ने गरौं।

४. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं।

५. कृषिको व्यवसायीकीकरण गरौं। खाद्यसम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं।

६. किसानलाई सम्मान गरौं। जैविक विविधतामा आधारित पर्यावरणीय कृषि अवलम्बन गरौं।

७. छोरा र छोरीमा विभेद नगरौं। समान अवसर दिऔं।

८. ५ वर्ष पुगेका सबै बालवालिकालाई विद्यालय पठाऔं।

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोटी

१. आफ्नो व्यवसाय अनिवार्य दर्ता गरौं।

२. कर्त तिर्नु नागरिकको कर्तव्य हो कर तिरेपछी अनिवार्य रसिद लिऔं

३. फलफुल पशुपालन उन्नत खेतिवाली लगायत व्यवसायिक कृषि उत्पादनलाई बढवा दिऔं।

४. पर्यटकीय गन्तव्यको पहिँचान गरौं। आन्तिक तथा वाह्य पर्यटकको प्रवर्धन गरौं।

५. चर्पीमा मात्र दिसा पिसाब गर्ने वानी बसालौ। सभ्य नागरिकको परिचय दिऔं।

६. जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्वन्ध बिच्छेद जस्ता सामाजिक घटनाहरू ३५ दिन भित्र दर्ता गरी सभ्य नागरिकको परिचय दिऔं।

७. दिसापिसाव गरेपछी, खाना खानु अघी र कुनै फोहोर बस्तु छोएपछी सावुन पानीले मिचिमिची हातधुने बानीको बिकास गरौं।

८ वर्ष पुगेका सबै बालवालिकालाई विद्यालय पठाऔं।

चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
कैलाली

# वेस्ट इन्डिज ए सँग खेल्ने नेपाली टोली घोषणा

घरेलु टोली नेपालले वेस्ट इन्डिज ए सँग खेल्ने पाँच टी-२० खेलको सिरिजका लागि १६ सदस्य टोली घोषणा गरेको छ। एसीसी प्रिमियर कपमा नभएका आरिफ शेख र तीव्र गतिका बलर आकाश चन्द टोलीमा परेका छन्। आरिफ मध्यक्रमका ब्याटर र आकाश तीव्र गतिका बलर हुन्। युवा तीव्र गतिका बलर कमलसिंह ऐरी भने टोलीमा पर्न सकेनन्। नेपालले अन्य टोलीमा भने कुनै परिवर्तन गरेको छैन। नेपाल र वेस्टइन्डिज ए बीचको पहिलो खेल शनिवार हुनेछ। नेपालले जेठमा हुने आईसीसी टी-२० विश्वकपअघि यस सिरिजलाई तयारीको रूपमा समेत लिएको छ। नेपालको टोली : रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, अनिल शाह, आरिफ शेख, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, गुलशन झा, ललित राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिश जिसी, अभिनाश बोहरा, विवेक यादव र आकाश चन्द रहेका छन्।




# यसपटक पनि भर्नामा छुटे राउटे बालबालिका

खबर संवाददाता



सरकारले प्रत्येक समुदायमा पुगेर समयमै भर्ना समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान भन्ने नारासाथ विद्यार्थी अभियान २०८१ सञ्चालन गरिरहेको छ तर राउटे बालबालिकासम्म विद्यार्थी भर्ना अभियान पुग्न सकेको छैनन।

लेखपढ नगर्ने, एकै ठाउँमा नबस्ने र खेतीपाती नगर्ने मान्यताले राउटे समुदाय पछिल्लो समय सामाजिक संस्कारसँग जोडिँदै आएका भने छन्। उनीहरूलाई विद्यार्थी भर्ना अभियानमा जोड्न नसक्दा राउटे समुदायका बालबालिका शिक्षाको अवसर बाट टाढिएका छन्।

राउटे परियोजना सञ्चालन गरिरहेको एक गैरसरकारी संस्थाका जोडी शिक्षक लालबहादुर खत्रीले राउटे बालबालिकामा पढ्ने इच्छा भएको भए पनि अभिभावकले नै पढ्न नदिने गरेको बताउनुभयो। उहाँले बालबालिकालाई छ वर्षदेखि नाम लेख्न र अक्षर सिकाउन लागिएको भए पनि त्यो काम पनि समुदाय बसेको ठाउँभन्दा अलि टाढैबाट गरिरहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "राउटे बालबालिका पढ्न चाहन्छन्, त्यही अनुसार हामीले अक्षर चिनाउन सिकाएका पनि छौँ। उनीहरू सहज रूपमा विभिन्न चित्र बनाउन र आफ्नो नाम लेख्न सक्छन्। सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा समेत हस्ताक्षर गर्छन्।" उहाँका अनुसार पश्चिम नेपालका जङ्गलमा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायमा पाँच वर्षदेखि १८ वर्ष उमेर समूहका ५५ जना बालबालिका छन्। १२ वर्षीय नरबहादुर शाहीले आफूहरूलाई पढ्न मन लागेको भए पनि आफ्ना मुखियाले पढ्न नदिने गरेको बताउनुभयो। उहाँले फिरन्ते जीवन बिताउँदै आएका राउटेले आफ्नो संस्कार भुल्न हुँदैन भन्ने मान्यताका कारण आफूहरूले पढ्न नपाएको जनाउनुभयो। उहाँले भन्नुभयो, "हामीले अक्षर चिनेका छौँ र हामी विद्यालय जान चाहन्छौँ तर हाम्रा मुखिया मान्दैनन्।"

राउटे मुखिया सूर्यनारायण शाहीले राउटे समुदायले पढ्न नहुने कुरामा अडिग रहेको बताउनुभयो। उहाँले अहिले नै पढ्न, लेख्न लागेको खण्डमा जङ्गलका राजाको अस्तित्व सङ्कटमा पर्ने हुँदा बालबालिकालाई पढ्न नदिने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रा बालबालिकाले अक्षर चिनेका छन्, अहिले त्यति भए पुग्छ, बिस्तारै परिवर्तन हुँदै पढ्ने कुरा पनि हुन्छ।" चामुण्डाबिन्द्रासैनी नगर पालिका-७, पाल्तडामा रहेको कर्णाली जनचेतना आधारभूत विद्यालयका प्रधानाध्यापक हिमप्रसाद चौलागाईंले राउटे समुदायमा विद्यार्थी भर्ना अभियान लगेर गएको भए पनि आफूहरूलाई बस्तीमा पस्न नदिएको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "आफ्नो विद्यालयकै छेउमा बस्ती भएका कारण बस्तीमा विद्यार्थी भर्ना अभियान लिएर गएका थियौँ, राउटे मुखियाले प्रहरीलाई भनेर हामीलाई बस्तीमा छिर्न दिएनन्। पुनः एक पटक घरदैलो अभियान लिएर बस्तीमा जाँदै छौँ।" जङ्गलका राजा हौँ, हामीलाई यतिकै छोडिदिनुहोस् भन्ने राउटे समुदायको भनाइले समुदायका बालबालिकालाई भर्ना गर्न कठिनाइ हुने राउटेसँग काम गर्ने व्यक्तिहरूले बताएका छन्। कर्णाली प्रदेश सरकार सामाजिक विकास कार्यालय दैलेख महेशकेशर खनालले सीमान्तकृत तथा लोपोन्मुख समुदाय, राउटे, माझी, कुमाल, बादी गन्धर्व समुदायका लागि शिक्षा प्रवर्धन कार्यक्रम रहेको र त्यसैका आधारमा राउटेहरूको माग अनुसार कार्यक्रम सञ्चालन गरिने बताउनुभयो। उहाँले राउटेहरूलाई विगतमा स्वास्थ्य सामग्री वितरण गरिएको र यस पटक काठका सामग्री निर्माण गर्ने वा अन्य बन्दोबस्तीका सामग्री वितरण गर्ने सल्लाह गरिरहेको बताउनुभयो।

जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका दैलेखका निमित्त प्रमुख रतन विष्टले राउटेको शिक्षाका लागि सरकारले नै विशेष खालको शिक्षा नीति ल्याउनुपर्ने बताउनुभयो। उहाँले सरकारले थालेको विद्यार्थी अभियानले राउटे समुदायका नागरिकलाई भर्ना अभियानमा समेट्न कठिन भएको बताउँदै राउटे समुदायका बालबालिकाको शिक्षाका लागि सरकारले शिक्षक नियुक्त गरी बस्तीमा पढाउने र पछि विद्यालयमा भर्ना गर्ने अभियान चलाउनुपर्ने बताउनुभयो।


१. आफ्नो व्यवसाय अनिवार्य दर्ता गरौं।
२. कर्त तिर्नु नागरिकको कर्तव्य हो कर तिरेपछी अनिवार्य रसिद लिऔं।
३. फलफुल पशुपालन उन्नत खेतिवाली लगायत व्यवसायिक कृषि उत्पादनलाई बढवा दिऔं।
४. पर्यटकीय गन्तव्यको पहिँचान गरौं। आन्तिक तथा वाह्य पर्यटकको प्रवर्धन गरौं।
५. चर्पीमा मात्र दिसा पिसाब गर्ने वानी बसालौ। सभ्य नागरिकको परिचय दिऔं।
६. जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध बिच्छेद जस्ता सामाजिक घटनाहरू ३५ दिन भित्र दर्ता गरी सभ्य नागरिकको परिचय दिऔं।
७. दिसापिसाव गरेपछी, खाना खानु अघी र कुनै फोहोर बस्तु छोएपछी सावुन पानीले मिचिमिची हातधुने बानीको बिकास गरौं।

बेलौरी नगरपालिका कञ्चनपुरको सुचना

जनहितमा जारी सन्देश

- सार्वजनिक सम्पति र सडक सुरक्षा हाम्रो दायित्व हो।
- विकास निर्माणका संरचनाहरु दक्ष प्राविधिकबाट मात्र निर्माण गरौ।
- सडक जथाभावि भत्काउने र बिगार्ने काम नगरौ।
- पुर्वाधार निर्माण कार्यमा एक अर्को कार्यालय बीच समन्वय गरौ।
- विकास निर्माणमा गुणस्तर र पारदर्शिता अवलम्वन गरौं।
- विकास निर्माणमा सबैको साझेदारी गरौं तर बाधा व्यवधान कोही नगरौं।

नवदुर्गा गाउँपालिका डडेल्धुरा

चेतना खबर


चेतना खबर राष्ट्रिय दैनिक लागि प्रकाशक सुशिला खत्री,सम्पादकः भीम दाहाल, कार्यालय अमरगढी नगरपालिका ५ डडेल्धुरा फोन : ९८५८७७५०७७ ईमेल : chetanakhabar1000 @gmail.com मुद्रक : जयमाँ भगवती अफसेट पेस, डडेल्धुरा